स्थानीय सरकार

मध्यपुर थिमि नगरपालिका

स्थानीय राजपत्र

मध्यपुर थिमि नगरपालिकाबाट प्रकाशित

बर्ष ९ मध्यपुर थिमि भक्तपुर पुस २३ , २०८२

भाग २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम मध्यपुर थिमि नगरपालिकाको "समस्याग्रस्त सहकारी संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी (पहिलो संशोधन) कार्यविधि,२०८२" सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

संवत् २०८२ सालको कार्यविधि नं.

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०९/२३

प्रस्तावनाः मध्यपुर थिमि नगरपालिकाको सहकारी नियमावली, २०८० को नियम ४८ बमोजिम दायित्य भुक्तानी सम्बन्धी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न मध्यपुर थिमि नगरपालिकाको "समस्याग्रस्त सहकारी संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्यविधि, २०८२" मा संशोधन गर्न वाञ्छनीय भएकोले मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यबिधिको नाम मध्यपुर थिमि नगरपालिकाको "समस्याग्रस्त सहकारी संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी (पहिलो संशोधन)कार्यविधि,२०८२" रहेको छ।

(२) यो कार्यबिधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ।

२. मध्यपुर थिमि नगरपालिकाको "समस्याग्रस्त सहकारी संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्यविधि,२०८२"(यस पछि मूल कार्यविधि भनिएको)को दफा २ मा संशोधनः

(१)मूल कार्यविधिको को दफा २ को खण्ड (ख)मा रहेको .........सहकारी ऐन,२०७९पछि देहायका शब्दहरु थप गरिएको छः-"र सहकारी ऐन, २०७४ समेत"

(२)मूल कार्यविधिको को दफा २ को खण्ड (ग)मा रहेको .........सहकारी नियमावली,२०८० पछि देहायका शब्दहरु थप गरिएको छः-"र सहकारी नियमावली, २०७५ समेत"

(३)मूल कार्यविधिको को दफा २ को खण्ड (ध) पछि देहायको खण्ड (न)(प)थप गरिएको छः-

(न)"दायित्त्व" भन्नाले देहायका कुराहरु सम्झनुपर्छः-

(१)संस्थामा रहेका सबै प्रकारका बचत रकम,

(२) संस्थाले अग्रिम रुपमा प्राप्त रकम बापत बुझाउनु पर्ने रकम,

(३) संस्थाले तिर्नुपर्ने तलब, भत्ता, भाडा, भरौट, आदि

(४)संस्थाले तिर्नुपर्ने कर, शुल्क, आदि

(५) संस्थाले लिएको सबै प्रकारमा कर्जा सापटी,

(६) संस्थाको शेयर तथा अन्य पूँजी वापतको रकम

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

(प) "दाबी' भन्नाले समिति समक्ष निवेदनका साथ आफ्नो रकम फिर्ता पाउँ भनी सदस्य, बचतकर्ता वा अन्य साहूहरुले माग गरेको दाबी रकम सम्झनु पर्छ।

३. मूल कार्यविधिको को दफा ८) पछि देहायको दफा ८क.,८ख., ८ग.र ८घ. थप गरिएको छः-

८क.दायित्व निर्धारणका आधारहरुः(१) समितिले सहकारी ऐन, २०७४ को दफा १०८ वमोजिम दायित्व भुक्तानी गर्दा संस्थाको दायित्त्व निर्धारण देहायका आधारमा गर्नेछः-

(क) सहकारी ऐन, २०७४ को दफा १०७ को खण्ड (क) बमोजिम संस्थाको सदस्य, बचतकर्ता, ऋणी वा संस्थाले भुक्तानी दिनुपर्ने व्यक्ति वा संस्थाको नाम नामेशीको लगत,

(ख) सहकारी ऐन, २०७४ को दफा ११२ बमोजिम दाबी पेश गर्ने गरी समितिले प्रकाशित गरेको सार्वजनिक सूचनाको आधारमा समिति समक्ष दाबीकर्ताले पेश गरेको दाबी,

(ग) संस्थाको लेखामा समाविष्ट भएको दाबी रकम,

(२) समितिले छानविन र प्रमाणको आधारमा दफा १ को खण्ड (क),(ख) र (ग) बमोजिमको दायित्त्व रकम एकीनगर्नेछ।

८ख. भुक्तानीको प्राथमिकता निर्धारणः (१) समितिले सहकारी ऐन, २०७४ को दफा १०८ तथा मध्यपुर थिमि नगरपालिकाको सहकारी नियमावली, २०८० को नियम ४८ बमोजिम दायित्त्व भुक्तानी गर्दा देहायको प्राथमिकताका आधारमा गर्नेछः-

(क) पचास हजार वा सो भन्दा कम रकम बचत हुने बचतकर्तालाई साना बचतकर्ता मानी भुक्तानी दिँदा प्राथमिकता दिने,

(ख) अन्य बचतकर्तालाई भुक्तानी गर्दा खण्ड (क) पछि प्राथमिकता दिने,

(ग) संस्थाले तिर्नुपर्ने तलव, भत्ता, भाडा, भरौट, आदि, संचालन खर्चको दावी रकम भुक्तानी गर्दा खण्ड (ख) पछि प्राथमिकता दिने,

(घ) सरकारी बाँकी वक्यौता वा कुनै हकदावी भएमा त्यस्तो बाँकी वक्यौता वा हकदावीको रकम भुक्तानी खण्ड (ग) पछि प्राथमिकता दिने,

(ङ) समस्याग्रस्त संस्थालाई अपार्टमेण्ट वा जग्गाको लागि अग्रिम रुपमा रकम बुझाउनु व्यक्तिहरुको दावी भुक्तानी खण्ड (घ) पछि प्राथमिकता दिने,

(च) समस्याग्रस्त संस्थाको सबै प्रकारका कर्जा सापटीको दावी भुक्तानी खण्ड (ङ) पछि प्राथमिकता दिने,

(छ) संस्थाको अन्य साहूहरुको दावी भुक्तानी खण्ड (च) पछि गर्ने ।

(२) दाबीकर्तालाई बचत रकम भुक्तानी गर्दा ऐनको दफा १०८ को उपदफा (२) बमोजिम दामासाहीले गरिनेछ।

(३) संस्थाका संचालक, पदाधिकारी, कर्मचारी, ऋणी तथा सहकारी ऐन, २०७४ को दफा २ को खण्ड (घ) तथा मध्यपुर थिमि नगरपालिकाको सहकारी ऐन, २०७९ को दफा ८२को उपदफा (६) खण्ड(ख)

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

बमोजिम निजको परिवारको नाममा भएको बचत रकम तथा समितिमा कारवाही र छानबिनको क्रममा रहेका व्यक्ति वा संस्थाको बचत रकम छानबिन र कारवाही सम्पन्न नभएसम्म भुक्तानी गरिने छैन।

८ग. दायित्व भुक्तानीको प्रकृया:-ऐनको दफा १०८ को उपदफा (१) बमोजिम समिति समक्ष जम्मा भएको रकम दाबीकर्तालाई भुक्तानी गर्दा देहायको प्रक्रियाबाट गरिनेछः-

(क) समितिको खातामा जम्मा हुन आएको रकम दाबीकर्तालाई यस कार्यविधिको दफा ४ को प्राथमिकताका आधारमा समितिले दामासाही रुपमा भुक्तानी गर्ने,

(ख) दामासाहीले बचतकर्ताहरुलाई रकम फिर्ता गर्दा समितिले निर्धारण गरेको प्रतिशतको आधारमा गर्ने,

(ग) दाबीकर्तालाई रकम फिर्ता गर्दा बैंक मार्फत एकाउण्टपेयी चेक वा अन्य विद्युतीय माध्यमबाट दाबीकर्ताको बैंक खातामा जम्मा हुने गरी गर्ने,

(घ) भुक्तानी सम्बन्धी अन्य कुरा समितिले निर्धारण गरे बमोजिम हुने ।

८घ. अशक्त तथा ज्येष्ठ नागरिकको बचत फिर्ता: समस्याग्रस्त घोषित संस्थाका मागदावीकर्ता मध्येका नेपाल सरकारले तोकेका १२ प्रकारका मस्तिस्क घात, मृगौला फेल र क्यान्सर समेतका घातक रोगले पीडित, असी वर्ष पुगेका जेष्ठ नागरिक, दृष्टिविहिन, तथा (क) वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई नेपाल सरकारले प्रदान गरेको (क) वर्गको प्रमाणका आधारमा सहकारीको असुलीको स्थिति हेरी २५,०००।- (अक्षरुपी पच्चीस हजार) देखि ५०,०००।- (अक्षरुपी पचास हजार) सम्म बचत तत्कालका लागि निजका बचत रकमबाट कट्टा हुने गरी फिर्ता गरिनेछ।

प्रमाणीकरण मिति २०८२।०९।२३

आज्ञाले
भोज राज घोमिरे
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३